# प्रेस विज्ञप्ति- २१९

## Press Release-219

लागुऔषधनियन्त्रण
व्यूरोNarcoticsControlBureau
कोटेश्वर, काठमाडौ

मिति: २०७५।०३।१० गते।

## ट्रकमा लुकाई छिपाई राखिएको २१३ किलो चरेश र २ किलो २५० ग्राम अफिम सहित भारतीय नागरिक पक्राउ।

भारतीय WB23B5885 नम्बरको ट्रक लागू औषधको अवैध कारोबारमा संलग्न रहेको छ भन्ने सूचना प्राप्त भए अनुसार यस व्यूरोले लामो समय देखि निगरानीमा राखिरहेको उक्त भारतीय ट्रक काठमाण्डौं भित्रिएको छ भन्ने विशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण व्यूरोबाट परिचालित प्रहरी टोलीले मिति २०७५/०३/०९ गते बिहान ०५:०० बजेको समयमा भारत मोतिहारी जिल्ला, मोखीलिशपुर सेमरा वडा नं.९, ग्राम झकिया टोला पूर्वीचम्पारण बिहार ठेगाना भएका WB23B5885 नम्बरको भारतीय ट्रकको चालक वर्ष २५ को मेराज आलमले ट्रकमा फल्स बटम बनाई लुकाउ-छिपाउ गरि राखिएको **२१३ किलो चरेश र २ किलो २५० ग्राम अफिम** सहित का. म.न.पा. वडा नं.-१४, कलंकी बाट पक्राउ गरिएको छ।

प्रारम्भिक अनुसन्धानको आधारमा बरामद गरिएको अवैध लागु औषध नेपालको सुनौली नाकाबाट भारतको गोरखपुर हुँदै दिल्ली तर्फ ओसार पसार गर्न लागिएको निज मेराज आलमले बताएका छन्। निज मेराज आलम यस भन्दा पहिले पनि पटक पटक उक्त ट्रकको प्रयोग गरी अफिम तथा चरेसको ओसार-पसार कार्यमा संलग्न रहेको खूल्न आएको छ ।

बाँकी थप विवरण विस्तृत अनुसन्धानबाट खुल्ने व्यहोरा अनुरोध गरिएको छ।

•••


PUBLIC
TATA
SPEED
40KM




लागू औषध नियन्त्रण ब्युरो
अफिम
२ के.जी. २५० ग्राम
नाम थर :- मेराज आलम (२५) बर्ष
ठेगाना:-
ट्रक नं.:- भारतीय नं WB 23 B 5885
बरामद सामान:- अफिम २ के.जि. २५०
ग्राम र चरेश २१३ के.जि.
चरेश
२१३ के.जी.





